# काठमाडौं महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वर स्थित

# कामना सेवा बिकास बैंक लिमिटेड्को

# सोह्रौं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही विवरण (निर्णयको माइन्यूट)

**१. वैधानिक सभा :**

कामना सेवा विकास बैंक लिमिटेडको मिति २०८० साल, वैशाख ४ गते बसेको सञ्चालक समितिको ३५१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाइएको सोह्रौं वार्षिक साधारणसभा विकास बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल र निर्णय गरी सु-सम्पन्न भयो ।

**२. सभा बसेको मिति, स्थान र समय :**

मिति : २०८० साल वैशाख ३१ गते आइतबार, (तदनुसार १४ मे, २०२३)

स्थान : सिद्धार्थ बुटिक होटेल, सिमलटार बौद्ध, काठमाडौं-०६

समय : बिहान ११:३० बजे

**३. सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०८० साल, वैशाख ७ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८० साल वैशाख १० गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा गरी २ (दुई) पटक प्रकाशित गरिएको थियो ।

३.२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरू) साथै, अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका सेयरधनी महानुभावहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा बैंकको बेवसाइटमा समेत राखी सार्वजनिक रुपले जानकारी गराइएको व्यहोरा सभा सञ्चालक तथा कम्पनी सचिवले सभा समक्ष अवगत गराउनु भयो ।

**४. सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू :**

**क. सामान्य प्रस्ताव :**

१. आ.व. २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व. २०७८/०७९ को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,१४,२५,७७,०२१.९३ को ०.२३२१ प्रतिशतले हुन आउने नगद लाभांश रु. ७२,९४,०८६.६७ (अक्षरेपी बहत्तर लाख चौरानब्बे हजार छयासी रुपैयाँ र सतसट्ठी पैसा मात्र) बोनस सेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

**ख. विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,१४,२५,७७,०२१.९३ को ४.४१ प्रतिशतका दरले हुने रकम रु. १३,८५,८७,६४६.६७ (अक्षरेपी तेह्र करोड पचासी लाख सतासी हजार छ सय छयालिस रुपैयाँ र सतसट्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. विशेष प्रस्ताव (प्रस्ताव नं. १) पारित भए अनुसार हुने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्ने, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध :**

**५. उपस्थिति :**

**५.१ सञ्चालकहरूको (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) उपस्थिति :**

| | | |
|---|---|---|
| क. | श्री सुदिप आचार्य | अध्यक्ष |
| ख. | श्री भिम प्रसाद तुलाचन | सञ्चालक |
| ग. | श्री चतुराखर अधिकारी | सञ्चालक |
| घ. | श्री देवकृष्ण काफ्ले | सञ्चालक |
| ङ. | श्री बलराम बराल | सञ्चालक |
| च. | श्री विश्वेश्वर सुवेदी | सञ्चालक |
| छ. | श्री सीता घिमिरे | सञ्चालक |

**५.२ पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| क) श्री विनय दाहाल | का.मु. प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री हरि प्रसाद लम्साल | नायव महाप्रबन्धक |
| ग) श्री लाल बहादुर थिङ्ग | नायव महाप्रबन्धक |
| घ) श्री विकास ढुंगाना | सहायक महाप्रबन्धक |
| ङ) श्री रघुनाथ त्रिपाठी | प्रबन्धक |
| च) डण्डपानी भट्टराई | कम्पनी सचिव |

डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

५.३ **सेयरधनीहरुको उपस्थिति :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयं उपस्थित हुने सेयरधनीको संख्या | ३९६ |
| २. | प्रतिनिधि मार्फत उपस्थित हुने सेयरधनीको संख्या | २८५ |

६. **गणपूरक संख्या :**

कम्पनीको कुल सेयरधनी संख्या ४७,३६५ (सतचालिस हजार तिन सय पैंसट्ठी) रहेकोमा स्वयं उपस्थित हुने सेयरधनीको संख्या ३९६ र प्रतिनिधि मार्फत उपस्थित हुने सेयरधनीको संख्या २८५ गरी कुल ६८१ जना सेयरधनीहरुको उपस्थिति रहेको सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| कुल सेयर संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधिद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल सेयर संख्या | बाँडफाँट भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ३,१४,२५,७७०.१९ | ३९६ | २८५ | ६८१ | १,६५,३९,१७२.३५ | ५२.६२ |

७. **गणपूरक संख्या एवम् वैधानिकता :**

७.१ सभाको प्रारम्भमा कम्पनी सचिव श्री डण्डपानी भट्टराईले यस साधारणसभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम कम्पनीको सोह्रौं वार्षिक साधारणसभा बोलाईएको र यस सभामा विकास बैंकको सेयर रजिष्ट्रार बि.ओ.के. क्यापिटल मार्केट लि. का प्रतिनिधिले दिनु भएको जानकारी अनुसार सेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा विकास बैंकको नियमावली बमोजिम सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ (४) बमोजिम तोकिएको स्थानमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कानून अनुसार सोह्रौं वार्षिक साधारणसभा वैधानिक रहेको घोषणा गर्नु भयो ।

७.२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत् सम्वन्धमा विकास बैंकको स्वीकृत नियमावली तथा प्रचलित ऐन कानून बमोजिम कार्यवाही अगाडि बढाउन सभाले अनुमति प्रदान गऱ्यो ।

८. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालन** :

गणपूरक संख्या पुगेको र साधारणसभा वैधानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनु भएका कम्पनी सचिव एवम् कानून विभाग प्रमुख श्री डण्डपानी भट्टराईले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा विकास बैंकको नियमावलीको नियम ६ (१) बमोजिम साधारणसभाको अध्यक्षता गरीदिनु हुन सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई अनुरोध गर्नु भएबमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भयो । तत्पश्चात बैंकका सञ्चालकज्यूहरु, कामु. प्रमुख कार्यकारी अधिकृतज्यू, नियामक निकायका प्रतिनिधिज्यूरु, सेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई आसन ग्रहण गराउनु भयो ।

.....................
डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....................
सुदिप आचार्य
अध्यक्ष

९. **स्वागत मन्तव्य :**

आफ्नो कार्य व्यस्तताका बाबजुद पनि बैंकको सभालाई सफल बनाउनको लागि सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथि लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री चतुराखर अधिकारीज्यूले हार्दिक स्वागत गर्दै आफ्नो स्वागत मन्तव्य राख्नुभयो ।

१०. **वार्षिक साधारणसभाको औपचारिक उद्घाटन :**

बैंकको आफ्नै गान (Anthem) को सुमधुर आवज सहित सोह्रौं वार्षिक साधारणसभाको औपचारिक उद्घाटन सभाका अध्यक्ष श्री सुदिप आचार्यज्यूले पानसमा दिप प्रज्वलन गरी गर्नुभयो । साथै, सभाको उद्घाटन लगत्तै राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताप्रति एकताभाव प्रकट गर्दै राष्ट्रिय एकताको लागि नेपालको राष्ट्रिय गान श्रवण तथा गायनको कार्यक्रम रहेकोले उक्त कार्यमा सम्पूर्ण सहभागी भई राष्ट्र र राष्ट्रियता प्रति समर्पणभाव प्रकट गरिएको थियो ।

११. **सभा सञ्चालनको अनुमति :**

सभाको कार्यवाही अगाडि बढाउन अध्यक्षज्यू समक्ष कम्पनी सचिवद्वारा अनुमति माग भएकोमा सभाका अध्यज्यूले कम्पनी सचिवलाई सभाको कार्यवाही अगाडि बढाउन अनुमति प्रदान गर्नु भयो ।

१२. **अध्यक्षज्यूको लिखित मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण ।**

सभा अध्यक्षज्यूको अनुमति अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा अध्यक्षज्यूको लिखित मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भएअनुसार अध्यक्षज्यूले आफ्नो लिखित मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरी छलफलको लागि सहभागी हुन सेयरधनी महानुभावहरुलाइ आग्रह गर्नुभयो ।

**१२.१ मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सहित छलफलका लागि आह्वान :**

कार्यक्रम सञ्चालकले सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन तथा प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्न लिखित सेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुभावहरु सभामा प्रस्तुत गर्नु भयो ।

क. श्री ब्रम्हदेव शाक्य

ख. श्री सुदिप श्रेष्ठ

ग. श्री इन्द्र कृष्ण श्रेष्ठ

घ. श्री चन्द्र नारायण श्रेष्ठ

ङ. श्री नरसिंह लाल चाँखु

च. श्री शत्रुधन श्रेष्ठ

छ. श्री कृष्ण प्रसाद अधिकारी

ज. श्री उद्धव प्रसाद घिमिरे

झ. श्री निरुपमा गुप्ता

ञ. श्री युगल नारायण बसेल

ट. श्री ईन्द्र प्रसाद लामिछाने

डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

ठ. श्री राम गोपाल महर्जन

ड. श्री शिव प्रसाद पौडेल

ढ. श्री डमरु वल्लभ घिमिरे

ण. श्री केशव प्रसाद भण्डारी

त. श्री लवराज जोशी

**छलफलका क्रममा सहभागी सेयरधनी वक्ताहरुले सभामा राख्नु भएका राय, सुझाव तथा जिज्ञासा सहितको मुख्य मुख्य विषयहरुको सारसंक्षेप:**

**श्री ब्रम्हदेव शाक्य**

१) कम्पनी ऐन तथा अन्य नियमनकारी निकायहरुले तोके बमोजिम आगामी वर्षको साधारणसभा समयमा नै गर्ने गरी काम गर्न तथा विगतका वर्षहरुमा भन्दा हाल बैंकको खराब कर्जा वृद्धि भएकोमा चिन्ता व्यक्त गर्दै आगामी वर्षहरुमा त्यस तर्फ विशेष ध्यान दिई कर्जा असुलीमा विशेष ध्यान दिन सुझाव दिनुभयो ।

२) मर्जरमा नगई व्यवसायको विस्तारमा ध्यान केन्द्रित गरी राष्ट्रिय स्तरको पहिलो नम्बरको विकास बैंक बन्नेतर्फ ध्यान दिन उपयुक्त हुने सुझाव दिनुभयो ।

३) बैंकमा प्रयोग हुने ग्यासको सट्टा विद्युतीय चुलो प्रयोगमा जोड दिइ पर्यावरण संरक्षण तथा खर्च कटौतीमा ध्यान दिन सुझाव दिनु हुँदै विशेष प्रस्ताव नं. ४ बाहेक अन्य प्रस्तावहरुमा आफ्नो पूर्ण सहमति रहेको बताउनु भयो ।

**श्री सुदिप श्रेष्ठ**

१) बैंकले विगतका वर्षमा दोहोरो अंकको लाभांश वितरण गरेकोमा हाल एकल अंकको लाभांश वितरण प्रस्ताव गर्दा शेयरधनीहरुलाई मर्का परेको गुनासो गर्नु हुँदै बैंकले उपलब्ध गराएको वित्तीय विवरण समेतको वार्षिक प्रतिवेदनको प्रस्तुतिकरण उत्कृष्ट रहेको हुँदा बैंक व्यवस्थापन प्रति धन्यवाद समेत व्यक्त गर्नुभयो ।

२) बैंकले खर्च गर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरुलाई प्रभावकारी बनाई सोको पर्याप्त प्रचार प्रसार गर्न र आगामी वर्षहरुमा साधारणसभा सबैलाई पायक पर्ने र जाने बुझेको स्थानमा राख्न, जोखिम व्यवस्थापनमा CRO नियुक्त गर्न साथै, आगामी वर्षहरुमा प्रतिफल वृद्धि गर्ने रणनीतिका साथ काम गर्न सुझाव दिनु भयो ।

**श्री इन्द्र कृष्ण श्रेष्ठ**

१) मर्ज हुनुभन्दा पहिलाका वर्षहरुमा दुवै बैंकले निकै राम्रो अंकमा लाभांश वितरण गरेकोमा मर्ज पश्चात् बैंकले आफ्नो लाभांशदर घटाएकोमा गुनासो गर्नुका साथै बैंकको साविकका प्रमुख कार्यकारी अधिकृतलाई के कति कारणले करार नवीकरण नगरिएको हो ? सो सम्बन्धमा प्रस्ट पार्न सञ्चालक समितिलाई अनुरोध गर्नुभयो ।

२) बैंकका गतिविधिहरुलाई बैंकको वार्षिक प्रतिवेदनमा समावेश गर्न र विगतका वर्षहरुको सेयरधनीहरुले बुझिलिन बाँकी लाभांशलाई छिटो राफसाफ गर्न सुझाव दिनुभयो ।

३) बैंकले गर्ने विभिन्न कार्यक्रमहरुमा सर्वसाधारण सेयरधनीहरुलाई समेत सहभागी बनाई अपनत्व जगाउन सुझाव दिनु हुँदै आगामी वर्षहरुमा सबैलाई पायक पर्ने स्थानमा साधारणसभा राख्न, साधारण सभा सम्बन्धी फोटाहरु वार्षिक प्रतिवेदनमा राख्नु पर्ने र वार्षिक प्रतिवेदनमा सभास्थलको लोकेसन समेत राख्न सुझाव दिनु भयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ**

१) सभामा लाभांशको सम्बन्धमा गुनासो आएता पनि विगतका वर्षहरुमा राम्रो लाभांश दिएकोले सोलाई समेत दृष्टिगत गर्नु पर्ने हुँदा लगानीकर्ताहरु सारै मर्कामा नपरेको, समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव परेकोले अन्य

बैंक तथा वित्तीय संस्थाहरुको समेत लाभांश दरमा कमी आएको हुँदा सेयरधनीहरुलाई सो कुरा बुझिदिन अनुरोध गर्नुभयो ।

२) बैंकले आफ्नो संस्थागत सुशासनलाई अली बढी ध्यान दिई उत्कृष्टता तर्फ लम्किन बैंकको सञ्चालक समिति तथा व्यवस्थापनको ध्यानाकर्षण गराउँदै आगामी साधारणसभामा ठुला तथा उत्कृष्ट ऋणी तथा निक्षेपकर्ताहरुलाई सम्मान गर्ने जस्ता कार्यक्रम समेत समावेश गर्न सकेमा बैंकको साख वृद्धि हुने सुझाव दिनुभयो ।

३) हालको अर्थिक अवस्थालाई हेर्दा समग्रमा बैंकका सम्पूर्ण सूचकहरु सन्तोषजनक रहेकोले आगामी दिनहरुमा लाभांशको दरलाई बढाउने तर्फ ध्यान दिन सुझाव दिनुभयो ।

**श्री नरसिंह लाल चाँखु**

१) कोभिड लगायत विभन्न कारणले विश्व अर्थतन्त्रमा परेको नकारात्मक असर तथा देशको आर्थिक वृद्धिदरको अवस्था हेर्दा प्रस्तावित लाभांश सन्तोषजनक नै रहेको देखिन्छ । आगामी वर्षहरुमा बैंकले हालसम्म हासिल गरेका उपलब्धिलाई रक्षा गर्दै आफ्नो व्यवसाय विस्तार गरी अझै उत्कृष्ट सेवा प्रदान गरी लाभांशको दरलाई वृद्धि गर्ने तर्फ बैंक व्यवस्थापनलाई ध्यानाकर्षण गराउनु भयो ।

२) बैंकले आफ्नो निक्षेप लागत दर, पुँजीको प्रतिफल दर, लाभांशको दर तथा खराब कर्जाको दरहरु तर्फ विशेष ध्यान दिन सञ्चालक समितीलाई ध्यानाकर्षण गराउनु हुँदै कर्जा निक्षेप अनुपात तथा पुँजीकोष पर्याप्त रहेको हुँदा बैंकको व्यवसायमा वृद्धि गर्न तर्फ बैंक अग्रसर रहनुपर्ने विषयमा सुझाव दिनुभयो ।

**श्री शत्रुधन श्रेष्ठ**

१) बैंकले आफ्नो स्थापनाको १६ औं वर्ष पार गर्दै गर्दा आफ्ना प्रोडक्टहरुलाई समेत विविधिकरण गर्दै उत्कृष्ट सेवाहरु प्रदान गर्दै आईरहेको छ । समग्र बजारको अवस्था, आर्थिक गतिविधी, नियामक निकायहरुको निर्देशन आदिको कारण लाभांशमा असर परेको तर्फ सम्पूर्ण सेयरधनीहरु सजग रहनुपर्ने बतानुभयो । देशको अर्थतन्त्रमै गम्भिर असर परेको अवस्थामा समेत बैंकले लाभांश वितरण गर्नुलाई सकारात्मक रुपमा लिएको बताउनु भयो ।

२) बैंकले आफ्नो खराब कर्जालाई समयमा नै योजना बनाई उचित व्यवस्थापन गर्ने तर्फ ध्यान दिँदै देशकै अग्रणी विकास बैंक बनी आगामी वर्ष दोहोरो अंकमा लाभांश प्रदान गर्ने गरी कार्य गर्न सुझाव दिनुभयो ।

**श्री कृष्ण प्रसाद अधिकारी**

१) बैंकमा महिला कर्मचारी तथा सञ्चालकको संख्या वृद्धि गर्न ध्यान दिनुपर्ने राय व्यक्त गर्दै वार्षिक प्रतिवेदन सम्भव भएसम्म नेपाली भाषामा तयार गर्न सुझाव दिनुभयो ।

२) यो वर्ष लाभांश घटेकोले विगतका वर्षहरुको जस्तै राम्रो लाभांश वितरण गर्नको लागि खराव कर्जा असुलीमा विशेष ध्यान केन्द्रित गर्न सुझाव दिनुभयो ।

३) बैंकको टोलफ्री नम्बरमा फोन गर्दा प्राय नलाग्ने हुँदा बिग्रेको हो या अरु केही समस्या हो सो सेवा तुरुन्त सुचारु गर्नु पर्‍यो, वार्षिक प्रतिवेदन बैंकको वित्तीय विवरणसंग सम्वन्धित भएकोले बैंकका गतिविधिहरु झल्किने खालका जानकारीमुलक फोटाहरु राख्नु पर्ने, सञ्चालकहरुको बारेमा सबै सेयरधनीहरुले जान्न, बुझ्न पाउनु पर्ने हुँदा सो सम्बन्धी जानकारी वार्षिक प्रतिवेदनमा राखिएकोमा आफूलाई अत्यन्तै राम्रो र खुशी लागेको बताउनु हुँदै आगामी वर्षमा के कति प्रतिफल दिन सकिन्छ सो बारेमा सभालाई जानकारी गराउन माग समेत गर्नु भयो ।

..................
डण्डपाणी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

..................
सुदिप आचार्य
अध्यक्ष

**श्री उद्धव प्रसाद घिमिरे**

१) बैंकको लाभांशमा गिरावट आउनुको कारण सम्बन्धमा जिज्ञासा राख्नुका साथै वार्षिक साधारणसभा हुने स्थान पत्ता लगाउन सेयरधनीहरुलाई निकै गारो भएको र आफूले समेत ठाउँ पत्ता लगाउन नसकी धैरै समय लागेकोले आगामी वर्षहरुमा साधारणसभा गर्दा सेयरधनीहरुलाई पायक पर्ने स्थानमा राख्न सुझाव दिनुभयो ।

२) आगामी वर्षमा लाभांशको दर बढाउने आधार प्रस्तुत गर्न अनुरोध गर्नु हुँदै वार्षिक साधारणसभाको सफलताको कामना गर्नु भयो ।

**श्री निरुपमा गुप्ता**

१) गत वर्षहरुको भन्दा यस वर्ष बैंकका सूचकहरुमा गिरावट आएकोले सो सम्बन्धमा सञ्चालक समितिको राय माग गर्नुका साथै महिला कर्मचारी तथा सञ्चालकको संख्या वृद्धि गर्न बैंकको ध्यानाकर्षण गराउनु भयो ।

२) बैंकले खराब कर्जालाई समयमा व्यवस्थापन गरी लाभांश वृद्धिमा ध्यान दिन सुझाव दिनु हुँदै साधारणसभाको सफलताको कामना गर्नु भयो ।

**श्री युगल नारायण बसेल**

१) वार्षिक साधारणसभा समयमै गर्ने तर्फ सञ्चालक समितिको ध्यानाकर्षण गराउनु हुँदै बैंकले आफ्नो वार्षिक साधारणसभा गर्दा शेयरधनीहरुलाई पायक पर्ने स्थानमा राख्न सुझाव दिनुभयो ।

२) आगामी वर्षमा लाभांशको दर अन्य बैंक वित्तीय संस्था सरह बनाउने तर्फ सञ्चालक समितिको ध्यानाकर्षण गराउनुभयो ।

३) हालको लाभांश दर मुद्दती खाताको ब्याजदर भन्दा कम भएकोमा दुखः व्यक्त गर्नुभयो । साथै, कार्य सम्पादन प्रत्येक वर्ष घट्दै गइरहेकोले कार्य क्षमतामा प्रश्न उठ्न नदिन अन्य समकक्षी बैंकसँग यस बैंकको मूल्याङ्कन गरी आगामी दिनमा कार्ययोजना बनाउन सुझाव दिनु हुँदै साधारणसभाको सफलता तथा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

**श्री ईन्द्र प्रसाद लामिछाने**

१) हाल बैंकको अवस्था के कस्तो छ भनी जान्न पाउने हक सेयरधनीहरुको भएकोले वैशाखको अन्त्यमा आएर वार्षिक साधारणसभा वार्षिक प्रतिवेदनमा चालु वर्षको दश महिनाको वित्तीय अवस्थाको सारसंक्षेप समेत राखेको भए राम्रो हुने सुझाव राख्नु भयो ।

२) आफैं जान्ने छु भन्नु भन्दा पनि सेयरधनीहरुका राय सुझावहरु समेत लिने अभ्यास गरी सेयरधनीहरुलाई अपनत्वको भावना जगाउनु जरुरी रहेको हुँदा सोही अनुसार काम कारबाही गर्न आग्रह गर्दै बैंकले आफूलाई सक्षम बनाएमा मात्र अन्य बैंक तथा वित्तीय संस्थाले मर्जरमा उचित स्वाप अनुपात प्रदान गर्ने भएकोले बैंकको आफ्नो आन्तरिक नियन्त्रण प्रणाली, संस्थागत सुशासन, कर्जाको गुणस्तरमा ध्यान दिन सुझाव दिनुभयो ।

३) अहिलेको लाभांश दर अत्यन्त न्यून भएकोमा दुःख व्यक्त गर्दै लगानीकर्ताहरुलाई बढी भन्दा बढी प्रतिफल प्रदान गर्ने गरी काम गर्न तथा आगामी साधारणसभा समयमा र सम्पूर्ण सेयरधनीहरुलाई पायक पर्ने स्थानमा राख्न सुझाव दिनु हुँदै साधारणसभाको सफलता तथा बैंकको उन्नतिको कामना गर्नु भयो ।

**श्री राम गोपाल महर्जन**

१) बैंकले विभिन्न कम्पनीहरुमा लगानी गरेका सेयरहरुको उचित समयमा बिक्री वितरण गरी मुनाफा आर्जन गर्ने तर्फ सजग रहन तथा कर्मचारीहरुको तालिम तथा दक्षता अभिवृद्धिमा बैंकले विशेष ध्यान दिनुपर्ने र व्यावसायिक वृद्धि सँगै बैंकले आफ्नो खराब कर्जालाई व्यवस्थापन गर्ने तर्फ समेत ध्यान दिन सुझाव दिनुभयो ।

२) साधारणसभाको उपयुक्त स्थानमा नभएकोले आगामी वर्षहरुमा यस तर्फ विशेष ध्यान दिन आग्रह गर्नुभयो ।

डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

**श्री शिव प्रसाद पौडेल**

१) बैंकले विगतका वर्षहरुमा राम्रो प्रगति गरी सेयरधनीहरुलाई राम्रो लाभांश पाउने बानी पारेकोले अहिले कम लाभांश वितरण गर्दा बढी गुनासो आउनु स्वभाविकै भएको हुँदा आगामी वर्षमा उच्चतम प्रतिफल दिन सक्ने गरी काम गर्न सञ्चालक समितिलाई सुझाव दिनभयो ।

२) थोरै नै भएपनि समयमा लाभांश वितरण गरी सूचीकृत गर्न सकेको भए अझै राम्रो हुने थियो । आर्थिक विषमताका बीच पनि बैंकले लाभांश वितरण गर्न सकेकोमा सञ्चालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद दिनु हुँदै बोनस सेयरलाई जति सक्दो छिटो सूचीकृत गराउन पहल गर्नको लागि आग्रह गर्नु हुँदै संस्थागत सुशासनमा विषेश ध्यान दिनुपर्ने तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरुलाई अझै प्रभावकारी बनाई बैंकको ब्राण्ड र शाखलाई उच्च बनाउन सुझाव दिनुभयो ।

**श्री डमरु वल्लभ घिमिरे**

१) बैंकको सम्बन्धमा विगतमा नकारात्मक समाचारहरु आउँदा त्रसित भएका थियौ, तर बैंकले थोरै नै भएपनि लाभांश वितरण गर्न सक्ने अवस्थामा रहनु भनेको सन्तोषजनक कुरा हो । बजारमा सुनिएका र मिडियामा आएका कुराहरु समेत हामीले केलाउन सक्नु पर्ने हुँदा हल्ला भएझैं बैंकको अवस्था नरहेकोले सेयरधनीहरुलाई ढुक्क हुन आश्वस्त पार्नु भयो । स्थानीय स्तरमा चलेका बैंकहरुबीच मर्ज भई आफ्नो केन्द्रीय कार्यालय काठमाडौंमा स्थानान्तरण गरेको बैंकले काठमाडौंमा समेत प्रभाव जमाउन सफल भएकोमा खुशी व्यक्त गर्नुभयो ।

२) बैंकले नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्दा उचित व्यक्ति छनौट गर्न सफल भएकोले त्यसको लागि सञ्चालक समितिलाई धन्यवाद ज्ञापन गर्दै यस सभामा उठेका जिज्ञासा तथा सुझावहरुलाई सिरोधार्य गरी काम गर्न सकेमा उहाँ सफल हुने विश्वास दिलाउँदै सोही अनुसार काम गर्न नवनियुक्त प्रमुख कार्यकारी अधिकृतलाई सुझाव दिनु हुँदै बधाई समेत दिनु भयो ।

३) साधारणसभा अत्यन्तै राम्रो र सुन्दर ठाउँमा आयोजना गरेकोमा सञ्चालक समिति तथा बैंक व्यवस्थापनलाई धन्यवाद दिनु हुंदै आगामी साधारणसभा पनि नयाँ, अझै पायक पर्ने र यस्तै पराकिलो स्थानमा राख्न सुझाव दिनु भयो । साथै, वार्षिक साधारणसभा समयमा नै गर्न सुझाव दिनु हुँदै बैंकको प्रगतिको कामना गर्नु भयो ।

**श्री केशव भण्डारी**

१) अहिलेको अवस्थामा बैंकले आक्रामक रुपमा व्यवसाय विस्तार गर्न भन्दा आक्रामक कर्जा असुली गरी खराब कर्जा घटाउन सकेमा लगानीकर्ताहरुलाई राम्रो प्रतिफल दिन सकिने हुँदा अब बैंकले त्यस तर्फ ध्यान केन्द्रित गर्नु पर्ने सुझाव दिनुभयो ।

२) वार्षिक साधारणसभा ढिलो गर्दा संस्थालाई आर्थिक हानी समेत हुने हुँदा समयमा साधारणसभा गर्न सुझाव दिनुभयो ।

३. कर्मचारीबीच मनमुटाव तथा असहयोग भएमा संस्थाले ठूलो नोक्सानी व्यहोर्नु पर्ने हुँदा कर्मचारीमा एकता हुनु जरुरी छ । तसर्थ कर्मचारी नियुक्ति गर्दा कर्मचारीको चरित्र, योग्यता र कर्मचारी विनियमावलीको व्यवस्थालाई समेत हेक्का राख्न सुझाव दिनु भयो ।

**श्री लवराज जोशी**

१) बैंकले वार्षिक साधारणसभाको सूचनासँगै प्रतिवेदन समेत शेयरधनीको घर ठेगानामा बेलैमा पुऱ्याउने व्यवस्था गर्न सुझाव दिनु हुँदै कम्तीमा बजारमा प्रचलित मुद्दतीको दर भन्दा कम नहुने गरी लाभांश वितरण गर्न सकेको भए हामी सेयरधनीहरु सन्तुष्ट हुने थियौं भन्नु भयो ।

..................
डण्डपाणी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

..................
सुदिप आचार्य
अध्यक्ष

२) बैंकको बारेमा बजारमा आएका समाचारहरुको सम्बन्धमा जवाफ दिन सञ्चालक समितीलाई अनुरोध गर्नुका साथै आगामी वार्षिक साधारणसभा समयमा नै सम्पूर्ण सेयरधनीहरुलाई पायक पर्ने स्थानमा राख्न सुझाव दिनु हुँदै कर्जा नोक्सानी न्यून गर्ने तर्फ के कस्तो रणनीति छ सो कुराको जवाफ माग गर्नुभयो ।

३) भएका कर्मचारीहरुलाई उचित तालिमको व्यवस्था गर्नुहुन तथा आगामी दिनमा सक्षम कर्मचारी भर्ना गर्ने तर्फ ध्यान दिन सुझाव दिनुभयो ।

**१२.२ सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ :**

**वार्षिक साधारणसभामा सेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव उपर जवाफ दिनको लागि अध्यक्षज्यूले कामु. प्रमुख कार्यकारी अधिकृत श्री विनय दाहालज्यूलाई निर्देशन दिनुभए बमोजिम उहाँले दिनुभएको समष्टिगत जवाफको साराँश** :

विकास बैंकको सोह्रौं वार्षिक साधारणसभा सफल बनाउनको लागि पाल्नु भएका आदरणीय सेयरधनी महानुभावहरु, विभिन्न संस्थाहरुबाट आमन्त्रित प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई गरिमामय उपस्थितिको लागि बैंक परिवारको तर्फबाट कृतज्ञता प्रकट गर्दै धन्यवाद व्यक्त गर्नु भयो । सेयरधनी महानुभावहरुले बैंकको सर्वोपरि हितको लागि राख्नुभएको राय, सुझाव, जिज्ञासा र प्रश्नहरु बैंकको चासो र मार्गदर्शनको रुपमा रहेकोले व्यवस्थापन यसलाई सिरोधार्य गरी अगाडि बढ्न प्रतिवद्ध रहेको कुरा सभा समक्ष जानकारी गराउनु हुँदै अधिकांश वक्ताहरुको भनाई र चासोको विषय प्रतिफल (लाभांश) बढाउनु पर्ने खराब कर्जा घटाउनु पर्ने, साधारणसभा समयमा गर्नु पर्ने र सभाको स्थान समेत सबैलाई पायक पर्ने गरी उपयुक्त ठाउँमा छनौट गर्नुपर्ने रहेकोले उपरोक्त विषयहरुलाई समेटेर निम्न अनुसार प्रष्ट पार्नु भयो ।

१) सबै सेयरधनी महानुभावहरुले बैंकको खराब कर्जा बढ्दै गएको र नाफा समेत घट्दै गएकोमा चिन्ता व्यक्त गर्नु स्वभाविकै रहेको र गत वर्षहरुमा भन्दा समीक्षा वर्षमा समग्र बैंकिङ क्षेत्रकै खराब कर्जा वृद्धि हुनु पक्कै पनि चिन्ताको विषय हो । अहिले आक्रामक रुपमा व्यवसाय विस्तार गर्ने अवस्था नरहेकोले कर्जा असुलीलाई पहिलो प्राथकितामा राखी कार्ययोजना सहित अगाडि बढ्नको लागि सञ्चालक समितिको निर्देशन रहेकोले कर्जा असुली विभागमा वरिष्ठ (नायब महाप्रबन्धक) तहको कर्मचारीलाई जिम्मेवारी दिइ सोही अनुरुप खराब कर्जा असुली तथा गैर बैंकिङ सम्पत्ति समेत बिक्री गरी मुनाफा वृद्धि गर्ने तर्फ ध्यान केन्द्रित गरिएको सभा समक्ष जानकारी गराउनुहुँदै कोरोना भाइरसको विश्वव्यापी प्रभाव, रुस-युक्रेन युद्ध आदि कारणले गत आ.व. मा वित्तीय प्रणालीमा देखिएको संकट तथा चुनौतीपूर्ण अवस्थाका बाबजुद पनि समीक्षा वर्षमा सञ्चालन मुनाफा ८६ करोड ४९ लाख र खुद मुनाफा ५९ करोड ०१ लाख रुपैयाँ आर्जन गरी कुल ४.६४२१ प्रतिशत लाभांश वितरण गर्न सफल भएका छौं । त्यस्तै पूंजीकोष अनुपात १२.१३ प्रतिशत, प्रतिशेयर आम्दानी १८.७८ रुपैया, मूल्य आम्दानी अनुपात १८.६३ गुणा, प्रतिशेयर नेटवर्थ १३८.८९ रुपैयां र तरलता अनुपात २६.७९ प्रतिशत रहेको हँदा आगामी वर्ष यि सूचकहरुमा सुधार गर्दै लगिने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

२) अधिकांश सेयरधनी महानुभावहरु पोखरा र बुटवल क्षेत्रमा रहेको भएतापनि केन्द्रीय कार्यालय काठमाडौंमा स्थानान्तरण भएपछिका वर्षहरुमा वार्षिक साधारणसभा उपत्यका भित्रको हरेक किसिमले उपयुक्त रहेको स्थानमा गर्दै आएको र यस पटक पनि बाहिरबाट आउनुहुने सेयरधनीहरुको सहजतालाई समेत ख्याल गरी धार्मिक र ऐतिहासिक हिसावले समेत महत्वपूर्ण रहेको बौद्ध स्थित अत्यन्त रमणीय र फराकिलो ठाउँमा राखिएको हो र कतिपय सेयरधनी महानुभावहरुले नयाँ ठाउँ भएकोले काठमाडौमा नै राख्ने हो भने सबैले जाने बुझेको र सहज रुपमा पुग्न सकिने केन्द्रीय कार्यालय देखि नजिकै राख्न सुझाव दिनु भएकोले यहाँहरुको राय सुझावलाई मनन् गरी आगामी वर्षहरुमा उपयुक्त ठाउँ छनौट गरिने प्रतिवद्धता सभा समक्ष व्यक्त गर्नु भयो ।

३) नव नियुक्त प्रमुख कार्यकारी अधिकृत कहिलेदेखि पदभार ग्रहण गर्नुहुन्छ भनी सेयरधनी महानुभावहरुले जिज्ञासा राख्नु भएकोमा आउँदो जेठ १४ गतेबाट नव नियुक्त प्रमुख कार्यकारी अधिकृतले कार्यभार समाल्ने र उहाँले कार्यभार समाले पछि बैंकले एउटा गति लिने सभा समक्ष जानकारी गराउनु भयो ।

डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

४) सेयरधनी महानुभावहरुले मुद्दती निक्षेपको हिस्सा बढी भएकोले बैंकको ब्याज खर्च र आधार दरमा समेत ठूलो असर गरेकोले बचत निक्षेपलाई जोड दिन साथै संस्थागत निक्षेप समेत कम गर्न सुझाव दिनु भएकोमा हाल मुद्दती निक्षेपको ब्याजदर घटाउँदै लगिएको भएतापनि पुरानै मुद्दती निक्षेप रहेकोले आधार दर सोचे अनुसार कम गर्न नसिकएको जानकारी गराउनु हुँदै संस्थागत निक्षेपको हिस्सा समेत कम गर्दै लगिने प्रतिवद्धता जाहेर गर्नु भयो ।

५) डिजिटल सेवा सम्बन्धमा सेयरधनी महानुभावहरुले राख्नु भएको चासो उपर जवाफ दिनु हुँदै, नेपाल राष्ट्र बैंकको नीति अनुरुप बैंकले सूचना तथा प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखी प्रविधिको स्तरोन्नती, कर्जा स्वीकृति, लगानी तथा नवीकरण, बिल तथा खर्चहरु स्वीकृति, आन्तरिक टिप्पणी आदेश स्वीकति प्रकृया, कर्मचारीको नियुक्ति प्रकृया, दक्षता अभिवृद्धिको लागि नियमित परीक्षा सञ्चालन एवं तालिम, सम्पत्ति शुद्धीकरण निवारण तथा ग्राहक पहिचान सम्बन्धी कार्यको लागि विशेष Software प्रयोग गर्नुका साथै डेबिट/क्रेडिट कार्ड, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, अनलाइन खाता खोल्न सकिने, बचत निक्षेपको रकम ग्राहक आफैंले मुद्दती निक्षेपमा रुपान्तरण गर्न सक्ने व्यवस्था, वैदेशिक रोजगारमा रहनु भएका नेपाली नागरिकहरुले रेमिटेन्स खाता तथा डिम्याट खाता खोल्न तथा मेरो सेयरमा दर्ता गर्न सक्ने सुविधा, QR Code Payment System तथा विभिन्न डिजिटल वालेटहरु लगायतका अत्याधुनिक बैंकिङ सुविधा प्रदान गर्दै आएकोमा आगामी दिनहरुमा समेत समय सापेक्ष सेवाको प्रभावकारिता अभिवृद्धि गर्दै उच्चतम ग्राहकको सन्तुष्टि मार्फत दिगो बैंकिङमा आफ्नो ध्यान केन्द्रित गर्ने सभा समक्ष प्रतिवद्धता व्यक्त गर्नु भयो ।

६) कर्मचारी नियुक्ति, सरुवा र बढुवा गर्दा बैंकको कर्मचारी सेवा विनियमावली तथा मापदण्ड भित्र रही पारदर्शी रुपमा गर्ने गरिएको तथा उनिहरुको वृत्ति विकासमा समेत कुनै विभेद नगरिएको, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन तथा अन्य नियामक निकायहरुबाट जारी नीति निर्देशिकाहरुको पूर्ण पालना हुने गरी बैंकले आफ्ना आन्तरिक नीति, निर्देशन र कार्यविधिहरु बनाई लागु गरेको, संस्थागत सुशासनको हकमा शुन्य सहनशिलताको अवधारण अवलम्वन गरेको हुँदा सेयरधनी महानुभावहरुलाई बैंकप्रति ढुक्क हुन आग्रह गर्नु भयो ।

७) बैंकको टोल फ्रि नम्बर नलाग्ने र अन्य नम्बरहरु समेत तुरुन्त नउठ्ने गरेको गुनासो सेयरधनी महानुभावहरुले गर्नु भएकोले अब उपरान्त टोल फ्रि नम्बर चौबिसै घण्टा उपलब्ध हुने गरी व्यवस्थापन गरिने जानकारी गराउनु हुँदै सो सम्बनधमा पुनः गुनासो नआउने गरी काम गर्न सभामा नै सम्बन्धित विभागका कर्मचारीलाई निर्देशन समेत दिनु भयो ।

८) ग्राहकहरुको गुनासो सम्बोधन हुनेगरी कर्जाको ब्याजदर घटाउन हरदम प्रयास गरिने, आगामी वर्षहरुमा साधारणसभा समयमा नै गर्ने गरी बाह्य लेखापरीक्षकलाई अनुरोध गरी यथासम्भव छिटो गर्ने र वार्षिक प्रतिवेदन सम्भव भएसम्म पूरै नेपाली भाषमा तयार गरिने प्रतिवद्धता सभा समक्ष व्यक्त गर्नु भयो ।

९) सेयरको मूल्यमा वृद्धि आएपछि विभिन्न कम्पनीका सेयरहरु बिक्री गर्दै जाने बैंकको रणनीति रहेको, साधारणसभाबाट पारित यस विकास बैंकको बोनस सेयर सकभर छिटो सूचीकरणको लागि सम्बन्धित निकायमा पहल गरिने, लाभांश नीति, खर्चको मितव्ययिता साथै वार्षिक प्रतिवेदनमा सेयरधनी महानुभावहरुले औंल्याउनु भएका सुझावहरुलाई आगामी दिनमा सम्बोधन गरिने विषयमा सभालाई आश्वस्त पार्नु भयो ।

१०) सेयरधनी महानुभावहरुले राख्नु भएका गहन सल्लाह, राय सुझावलाई मनन् गर्दै Mature Organization को रुपमा स्थापित गर्न संस्थालाई Right Direction तर्फ लैजाने विषयलाई जोड दिदै आगामी दिनहरुमा बैंकका गतिविधीहरु अगाडि बढाउने प्रतिवद्धता सभा समक्ष गर्दै अन्त्यमा सभामा सक्रिय रुपमा सहभागी भई बैंकलाई सकारात्मक सन्देश दिनुका साथै सहि मार्गदर्शन समेत गर्नु भएकोमा सबैलाई धन्यवाद ज्ञापन गर्दै आफ्नो मन्तव्य एवं जवाफहरु अन्त्य गर्नु भयो ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

| | | |
|---|---|---|
| .................. | | .................. |
| डण्डपाणी भट्टराई | | सुदिप आचार्य |
| कम्पनी सचिव | | अध्यक्ष |

**छलफल तथा जवाफको क्रम समाप्ती :**

सेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ दिनु भएपछि र अन्य सेयरधनी महानुभावहरुबाट थप जिज्ञासा प्राप्त नभएकोले कम्पनी सचिवले छलफलका विषयवस्तुहरु समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

**प्रस्तावहरूको प्रस्तुति :**

अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको काम कारबाही अगाडि बढाउने क्रममा बैंकको आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं साधारणसभामा छलफल तथा निर्णका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नु भयो र सभाबाट देहाय बमोजिका प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने सर्व सम्मत निर्णय भयो ।

१३. **सभामा पेश भएका प्रस्ताव र पारित निर्णयहरु :**

**क) सामान्य प्रस्ताव**

**सामान्य प्रस्ताव नं. १ र सो उपर निर्णय :**
आ.व. २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो ।

सभामा प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

**सामान्य प्रस्ताव नं. २ र सो उपर निर्णय :**
लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व. २०७८/०७९ को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो ।

सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

**सामान्य प्रस्ताव नं. ३ र सो उपर निर्णय :**
सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु.३,१४,२५,७७,०२१.९३ को ०.२३२१ प्रतिशतले हुन आउने नगद लाभांश रु. ७२,९४,०८६.६७ (अक्षरेपी बहत्तर लाख चौरानब्बे हजार छयासी रुपैयाँ र सतसट्ठी पैसा मात्र) बोनस सेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्तावउपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो ।

सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

| डण्डपानी भट्टराई<br>कम्पनी सचिव | कामना सेवा विकास बैंक लि.<br>Kamana Sewa Bikas Bank Ltd. | सुदिप आचार्य<br>अध्यक्ष |
|---|---|---|

**सामान्य प्रस्ताव नं. ४ र सो उपर निर्णय :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा आ.व. २०७९/०८० को लागि बाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरीक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारणसभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक श्री बि.आर एस् न्यौपाने एण्ड कम्पनी, चार्टस एकाउन्टेन्टस्लाई कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न योग्य देखिएको हुँदा देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको सिलसिलामा भैपरी आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी उक्त फर्मलाई एकमुस्ट रु. ८,००,०००.०० (अक्षरेपी आठ लाख मात्र) मु.अ. कर समेत पारिश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित भयो । साथै, उक्त शुल्क भित्र देहायका कार्यहरु समावेश गरिएको समेत जानकारी गराइयो ।

- Statutory Audit for FY 2078/79
- Tax Audit for FY 2078/79
- Long Form Audit Report for FY 2078/79
- Certification u/s 78 of Companies Act 2063 for FY 2078/79
- Certification as per SEBON directives for FY 2078/79

सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

**ख) विशेष प्रस्ताव :**

**विशेष प्रस्ताव नं. १ र सो उपर निर्णय :**
सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/०७९ को मुनाफा समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,१४,२५,७७,०२१.९३ को ४.४१ प्रतिशतका दरले हुने रकम रु. १३,८५,८७,६४६.६७ (अक्षरेपी तेह्र करोड पचासी लाख सतासी हजार छ सय छयालिस रुपैयाँ र सतसट्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने विशेष प्रस्ताव उपर छलफल गरी ध्वनि मतको माध्यमबाट सेयरधनीहरुद्वारा सर्वसम्मत रुपमा पारित भयो । साथै, बोनस सेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने विशेष प्रस्ताव स्वीकृत भयो ।

सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

**विशेष प्रस्ताव नं. २ र सो उपर निर्णय :**
विशेष प्रस्ताव नं. १ पारित भए अनुसार हुनेगरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र सो बमोजिम जारी पूँजी र चुक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र संशोधन प्रस्ताव पारित भै देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिले निर्णय भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय भयो ।

सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................ | कामना सेवा विकास बैंक लि. | .................. |
| डण्डपानी भट्टराई | Kamana Sewa Bikas Bank Ltd. | सुदिप आचार्य |
| कम्पनी सचिव | | अध्यक्ष |

प्रबन्धपत्र संशोधनको तीन महले विवरण

| सि.नं. | विद्यमान व्यवस्था | प्रस्ताविक संशोधन | संशोधनको कारण |
|---|---|---|---|
| १ | **५ (ख)** विकास बैंकको जारी पूँजी रु. ३,१४,२५,७७,०२१.९३ (अक्षरेपी तीन अर्ब चौध करोड पच्चिस लाख सतहत्तर हजार एक्काइस रुपैयाँ र पैसा त्रियानब्बे मात्र) हुनेछ । जसलाई प्रति सेयर रु. १००.०० का दरले ३,१४,२५,७७०.२२ थान साधारण सेयरमा विभाजन गरिएको छ । | **५ (ख)** विकास बैंकको जारी पूँजी रु. ३,२८,११,६४,६६८.६० (अक्षरेपी तीन अर्ब अट्ठाइस करोड एघार लाख चौसट्ठी हजार छ सय अठसट्ठी रुपैयाँ र पैसा साठी मात्र) हुनेछ । जसलाई प्रति सेयर रु १००.०० का दरले ३,२८,११,६४६.६८६ थान साधारण सेयरमा विभाजन गरिएको छ । | आर्थिक वर्ष २०७८/०७९ को नाफाबाट बोनस सेयर जारी गर्दा बैंकको विद्यमान पूँजी संरचनामा हेरफेर हुने हँदा । |
| २ | **५ (ग)** विकास बैंकको चुक्ता पूँजी रु. ३,१४,२५,७७,०२१.९३ (अक्षरेपी तीन अर्ब चौध करोड पच्चिस लाख सतहत्तर हजार एक्काइस रुपैयाँ र पैसा त्रियानब्बे मात्र) हुनेछ । | **५ (ग)** विकास बैंकको चुक्ता पूँजी रु. ३,२८,११,६४,६६८.६० (अक्षरेपी तीन अर्ब अट्ठाइस करोड एघार लाख चौसट्ठी हजार छ सय अठसट्ठी रुपैयाँ र पैसा साठी मात्र) हुनेछ । | आर्थिक वर्ष २०७८/०७९ को नाफाबाट बोनस सेयर जारी गर्दा बैंकको विद्यमान पूँजी संरचनामा हेरफेर हुने हँदा । |

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ख)**

विकास बैंकको जारी पूँजी रु. ३,२८,११,६४,६६८.६० (अक्षरेपी तीन अर्ब अट्ठाइस करोड एघार लाख चौसट्ठी हजार छ सय अठसट्ठी रुपैयाँ र पैसा साठी मात्र) हुनेछ । जसलाई प्रति सेयर रु १००.०० का दरले ३,२८,११,६४६.६८६ थान साधारण सेयरमा विभाजन गरिएको छ ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ग)**

विकास बैंकको चुक्ता पूँजी रु ३,२८,११,६४,६६८.६० (अक्षरेपी तीन अर्ब अट्ठाइस करोड एघार लाख चौसट्ठी हजार छ सय अठसट्ठी रुपैयाँ र पैसा साठी मात्र) हुनेछ ।
सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

**विशेष प्रस्ताव नं. ३ र सो उपर निर्णय :**

विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो ।
सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले सो प्रस्ताव पारित भएको घोषणा गर्नु भयो ।

**विशेष प्रस्ताव नं. ४ र सो उपर निर्णय :**

यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्न,

डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायत आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय ध्वनि मतले सर्वसम्मत रुपमा पारित गऱ्यो ।
सभामा प्रस्तुत भएको उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम उक्त प्रस्ताव पारित भएको घोषण गरी दिनुहुन सभा अध्यक्षज्यूलाई अनुरोध गर्नु भएकोले अध्यक्षज्यूले प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

**ग) विविध ।**

विषयसूचीको विविध अर्न्तगत छलफलका लागि अन्य थप विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भएबमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने तथा बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभा समक्ष जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन :**

कार्यक्रमको अन्तमा कम्पनी सचिवले बैंकका सञ्चालक श्री भिम प्रसाद तुलाचनज्यूलाई सम्पूर्ण सेयरधनी महानुभावहरु तथा उपस्थित महानुभावहरुलाई धन्यवाद ज्ञापन सहित आफ्नो मन्तव्य राखिदिन अनुरोध गर्नुभयो र सञ्चालक श्री भिम प्रसाद तुलाचनज्यूले स्वयम् उपस्थित भई तथा साधारणसभा सफल बनाउन आफू स्वयम् उपस्थित हुन असमर्थ रहेर पनि प्रतिनिधि मार्फत उपस्थिति जनाई १६ औं वार्षिक साधारणसभामा उपस्थित मध्य १६ जना सेयरधनीज्यूहरुले विभिन्न आयामहरुमा गहन सल्लाह सुझाव समेत दिई साधारणसभा भव्य र सभ्य रुपमा सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई उहाँहरुको योगदानको उच्च सम्मान गर्दै विशेष धन्यवाद दिनु भयो । साथै, सभा सम्पन्न गर्नको लागि अहोरात्र खट्ने उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारी परिवार, विभविन्न नियामक निकाय, बीओके क्यापिटल मार्केट लि., अन्य सहयोगी संघ संस्थाहरु, सभाहल तथा खानाको व्यवस्थापन गर्ने होटेल परिवार, आमन्त्रित अतिथिज्यूहरु सबैलाई बैंकको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्नु हुदै आगामी दिनमा पनि यस्तै सहयोग र सुझावको अपेक्षा सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

**१५. सभाको समापन :**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूले बैंकिङ क्षेत्रमा देखिएका चुनौतीहरुलाई अवसरमा बदल्दै बैंकलाई राष्ट्रिय स्तरको एउटा अब्बल विकास बैंकको रुपमा स्थापित गराउन सञ्चालक समितिले हर सम्भव प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्दै बैंकको सोह्रौं वार्षिक साधारणसभामा स्वयम् उपस्थित भई तथा प्रतिनिधि मार्फत उपस्थित जनाई, आफ्नो अमूल्य राय सुझाव दिई साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण सहयोग गरीदिनु भएकोमा आदरणीय सम्पूर्ण सेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नु भयो ।
साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै सहयोग, हौसला र प्रेरणा प्रदान गर्नुहुनेछ भन्ने पूर्ण विश्वास र अपेक्षा राख्दै नियामक निकायका प्रतिनिधिज्यूरु, पूर्व तथा वर्तमान सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, पत्रकारज्यूहरु, सेयर रजिष्ट्रारका प्रतिनिधीज्यूहरु, कामु. प्रमुख कार्यकारी अधिकृत, उपस्थित अन्य अतिथि तथा बैंकका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दै सोह्रौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

..................
डण्डपानी भट्टराई
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

..................
सुदिप आचार्य
अध्यक्ष

सभा सम्पन्न मिति : २०८० साल वैशाख ३१ गते आइतबार तद्नुसार मे १४, २०२३ ।